वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

| खण्ड : २ | संख्या : ६ | मिति : २०७६/११/२१ |
| --- | --- | --- |

**भाग : १**

# वीरेन्द्रनगर नगरपालिकाको
# विनियोजन ऐन-२०७६

<u>प्रमाणिकरण मिति</u>

२०७६/०३/३१

*<u>संशोधन</u>*

नगरपालिकाको विनियोजन (पहिलो संशोधन) ऐन-२०७६, २०७६/११/२०

**प्रस्तावना**ः

वीरेन्द्रनगर नगरपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम वीरेन्द्रनगर नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "वीरेन्द्रनगर नगरपालिकाको विनियोजन ऐन पहिलो संशोधन, २०७६"[१] रहेको छ ।

(२) यो ऐन सम्वत् २०७६ साल साउन १ गतेदेखि लागू हुनेछ।

---

१. पहिलो संशोधनद्धारा संशोधित

**२. आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : आर्थिक वर्ष २०७६।०७७ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची१ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. १,६३,९१,१५,४००।०० (अक्षरुपी एक अरब त्रिसठ्ठी करोड एकानब्बे लाख पन्ध्र हजार चार सय मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।[२]

**३. विनियोजन**: (१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त वीरेन्द्रनगर नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडासमिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्नेगरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

पूँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमसार्न सकिने छ । तर एक शीर्षक बाट अर्को शीर्षक परिवर्तन गर्दा सम्बन्धित क्षेत्रकै शीर्षक हुनुपर्नेछ । दश प्रतिशत भन्दा बढ्ने गरीकुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

---

२. पहिलो संशोधनद्वारा संशोधित ।



**४. वित्तिय अनुशासन सम्वन्धी व्यवस्था ।** (१) नगरपालिकाले उठाएको राजश्व संघीय तथा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम तथा यस ऐन बमोजिमको विनियोजित रकम खर्च गर्दा कानून बमोजिम देहायका वित्तिय अनुशासन अपनाउनु पर्नेछ।

(क) नेपाल सरकारको आर्थिक र वित्तिय नीति अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिला गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लगि प्राप्त भएको हो सोहीप्रयोजनको लागि प्रयोग गर्ने,

(घ) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालू खर्चमारकमान्तर गर्न नपाइने,

(ङ) आय व्ययको वर्गीकरण तथा लेखाङ्कन नेपाल सरकारले निर्धारणगरे बमोजिम राख्नु पर्ने ।

**५. अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्वन्धि व्यवस्था**: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजनभएको रकम प्रचलित कानूनको अधिनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

(२) अधिकार प्राप्त अधिकारीले कानून बमोजिम खर्च गर्ने अख्तियारीप्रदान गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा कानून बमोजिम विनियोजन भएको रकम निकासा लिई खर्च गर्नुपर्नेछ ।

**६. कार्यविधि तथा मापदण्ड बनाउन सक्ने** :(१) यस ऐनको कार्यान्वयन गर्दा वीरेन्द्रनगर नगर कार्यपालिकाले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ ।

**७. आदेश जारी गर्न सक्ने**: (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा नगर कार्यपालिकाले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश स्थानीय राजपत्रमा प्रकाशन गरिने छ ।

## *अनुसूचि-१*

(दफा २ सँग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम[3]

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | २२८८६० | ५६४२४७ | ० | ७९३१०७ |
| २ | | वडा समिति | १५००० | २९४५५० | ० | ३०९५५० |
| ३ | | विषयगत शाखा/सामाजिक सुरक्षा र अन्य सशर्त अनुदान समेत | ५१९१७८।४ | ० | ० | ५१९१७८।४ |
| ४ | | ऋणको साँवा ब्याज भुक्तानी | १५०० | ७५०० | ० | ९००० |
| ५ | | लगानी (शेयर/ऋण) /साझेदारी विकास कोष | ८२८० | ० | ० | ८२८० |
| | | **कुल जम्मा** | **७७२८१८।४** | **८६६२९७** | **०** | **१६३९१११५।४** |

३. पहिलो संशोधनद्धारा संशोधित ।

आज्ञाले,
टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

**विनियोजन ऐन-२०७६ मूल्य रू. ५।-**